# तटस्थता र मौनताको संस्कृति

**महिला र सीमान्तकृतले लामो संक्रमणकालको असर र फेरबदल भइरहने राजनीतिक समीकरणबाट निम्तिने उथलपुथलको भार बोकिरहनु परेको छ ।**

[ बहस ]



कैलाश राई

नेपालको महिला आन्दोलनले संगठित रूपमा सात दशकभन्दा लामो निरन्तर संघर्ष गरिसकेको छ । ०६३ पछि आएर बल्ल लैंगिक समानताकेन्द्री ठोस प्रतिफल प्राप्तिको कदम चाल्न थालियो । लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति अवलम्बन गरियो । लैंगिक उत्तरदायी बजेटको अभ्यास थालियो । लैंगिक मूलप्रवाहीकरण र सशक्तीकरणको अवधारणाअनुरूपका कार्यक्रम लागू गरियो । महिलाका लागि विशेष छुट वा प्राथमिकताका क्षेत्र, आधार र स्तर तोकियो । सीमान्तकृत, पिछडिएका तथा आर्थिक रूपमा विपन्न समुदाय र समूहका लागि लक्षित कार्यक्रम तथा क्रियाकलाप र सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन गरियो ।

यी असमान लैंगिक संरचनालाई केही खुकुलो बनाउन चालिएका रणनीतिक कदम थिए । ती भुइँतहदेखि राष्ट्रिय स्तरसम्मका राज्यका विभिन्न अंग र अन्य क्षेत्रमा महिला प्रतिनिधित्वमा उल्लेख्य वृद्धि भएको छ । यद्यपि महिलाको कार्यक्षमता र काम-कर्तव्यप्रतिको जिम्मेवारीबोधको मूल्यांकन समस्यामूलक छ । उनीहरूको प्रवीणतालाई भन्दा 'पुरुषको क्षेत्र' मा बढ्दै गरेको उपस्थितिमाथि कडा निगरानी राखिन्छ । सामाजिक-लैंगिक पृष्ठभूमि र पहिचानका आधारमा उनीहरूमाथि राखिने दृष्टिकोण र गरिने व्यवहार निर्धारण हुँदाका समस्या पनि छन् । यसले यथावतै रहेको संरचनाअन्तर्गत प्राप्त उपलब्धि संस्थागत गर्दै लाभ प्राप्ति गर्ने अवस्थालाई कायम राखिराख्न चुनौती बढाएको छ ।

नेपाली समाजले खासगरी महिला र सीमान्तकृतले लामो संक्रमणकालको असर र फेरबदल भइरहने राजनीतिक समीकरणले निम्त्याउने उथलपुथलको भार बोकिरहनु परेको छ । त्यसमाथि राज्य पुनर्संरचनाअन्तर्गतको शासकीय संरचना र व्यवस्था कायम गर्नु अहिलेको राज्य र मूलधारको विशेष दायित्व तथा प्राथमिकता हो । लैंगिकता, समावेशिता, पहिचानजस्ता विषय प्राथमिकता सूचीको पुछारमा धकेलिएको वा सूचीबाट बाहिरिएको छ ।

अहिलेको नारीवादी महिला आन्दोलन र लैंगिक वकालतकर्ताले महिला तथा सीमान्तकृत आवाजको सुनुवाइ, प्रभावकारी सहभागिता र नेतृत्वमा हकदाबी गर्दै आएका छन् । हकदाबीको प्रतिफल प्राप्त गर्न भुइँतहदेखि राष्ट्रिय स्तरसम्मका राज्यका विभिन्न अंगमा पर्याप्त संख्यामा महिला प्रतिनिधित्व हुनु मात्रै पुग्दो छैन । महिला हकाधिकारको मात्रै कुरा गर्नु पनि पर्याप्त छैन । ती प्रतिनिधिले आफ्ना भूमिका र जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्ने क्षमता विकास र कामकाजको वातावरण कायम हुनु अत्यावश्यक छ । कामकाज सम्पन्न गर्न आवश्यकीय स्रोत-साधनको उपलब्धता, तिनको भोगचलनमा पूर्ण पहुँच तथा नियन्त्रण अनिवार्य छ । महिलाको परिवर्तनशील भूमिका, क्रियाकलाप एवं प्रयत्नप्रति समाज, राज्यको विश्वास, स्वीकारोक्ति र उचित मूल्यांकन आवश्यक छ ।

यी सबै हुन नदिन विविध राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक पक्षले भूमिका खेलिरहेका छन् । अर्थात्, संरचनात्मक बाधा-अड्चन छ । नेपाली समाजको संरचनात्मक बनोट प्रत्येक कोणबाट उचनीच र विभेदित छ । महिला, शक्तिविहीन र किनाराकृतविरुद्ध हिंसा र शोषण गर्ने व्यवस्था कायमै छ । राज्य पुनर्संरचनामार्फत शासकीय शक्ति बाँडफाँट र विकेन्द्रित हुँदै गएको छ । तर असन्तुलित र विभेदित लैंगिक शक्ति-सम्बन्ध, पितृसत्तात्मक शासकीय सत्ता र संरचना यथावत छ ।

अहिले नारीवादी महिला आन्दोलनको प्रमुख लक्ष्य उचनीच र विभेद अन्त्य, लैंगिक एवं महिलामैत्री सामाजिक-सांस्कृतिक-न्यायिक व्यवस्थासहितको समग्र न्यायोचित संरचना निर्माण हो । लक्ष्य प्राप्तिका लागि अवसरभन्दा बढी चुनौती छन् । सबैभन्दा ठूलो त संरचनात्मक अड्चन नै हो । संविधान निर्माणका क्रममा संविधानसभामा महिलाभित्रैको समावेशी प्रतिनिधित्वसहितको उल्लेखनीय सहभागिता रह्यो । त्यसलाई विश्वमै उदाहरणीय काम भएको भनियो । महिला प्रतिनिधिले लैंगिकमैत्री संविधान र नीति नियम निर्माणका लागि अथक प्रयत्न गरे । त्यसले महिलाका पक्षमा प्राप्त हुने उपलब्धिको अपेक्षामा पनि ह्वात्तै वृद्धि गरायो । त्यसका केही सकारात्मक परिणाम पक्कै छन् । तर लैंगिक-सामाजिक न्यायको सन्दर्भमा त्यसअघि र पछिको अवस्थामा

**पाक्षिक बहस : महिला आन्दोलन**

- **महिला आन्दोलनको असन्तुष्टि**
- **आन्दोलनको रूपान्तरण र पुस्तान्तरण**
- **(अ)सहमति : 'मूलधार' र 'अरू' महिलाका**
- **संरचना बदल्ने महिला पहल**



लैंगिक विभेदको जन्जालयुक्त संरचनाभित्र बसेर अपनाइने 'तटस्थता' वा 'मौनता' लाभकारी हुँदैन । न्यायोचित समाज निर्माणका लागि सामाजिक संरचना बदल्नुको विकल्प छैन ।

तात्विक भिन्नता के ल्यायो ? सोचनीय र मूल्यांकन हुनैपर्ने पक्ष हो, यो ।

उल्लेखनीय सहभागिताका बाबजुद संरचनात्मक परिवर्तन गर्न महिला प्रतिनिधि असमर्थ रहे । बनिबनाउ विभेदित र असन्तुलित संरचनाभित्र अडान राख्ने प्रतिकूलता छँदै थियो। तैपनि महिलाले सामूहिक र व्यक्तिगत सामर्थ्यमा अडान राखेर राज्य संरचनालाई चुनौती दिए । कतिपय महिला भने अडान राख्नैपर्ने अवस्थामा पुग्ने अवसरबाट समेत वञ्चित रहे । परिणाम, अधिकांश शास्त्रीय संरचना र व्यवस्था धान्न अभ्यस्त शक्ति र नेतृत्वको कोपभाजनमा परे। त्यसले लैंगिक न्यायमुखी विधि र पद्धतिउन्मुख काम हुन दिएन। र, संरचना बदल्न पर्याप्त शक्ति जुट्न सकेन ।

त्यस्तो शक्ति जुट्न नसक्नुको अर्को पनि कारण छ। बदल्ने संरचना के, कस्तो र कत्रो हो ? त्यसले कहाँ, कसरी र कतिखेर काम गर्छ ? भन्नेबारे सही जानकारी र पर्याप्त ज्ञान हुनु जरुरी छ। उक्त जानकारी र ज्ञानसम्म पहुँच राख्नु नै महिलाका लागि प्रतिकूल र चुनौतीपूर्ण पनि। विभेदित संरचनाको अभिन्न अंग रहँदारहँदै पनि त्यसको कार्यस्वरूप, प्रक्रिया र अभ्यासबारे सुसूचित हुने अवसर र वातावरण नगन्य महिलालाई मात्र उपलब्ध छ। त्यस्तो अवस्थाले महिलाबीचमा त्यसबारेको आपसी संवाद र छलफलको संस्कृति कायम गर्न अवरोध खडा हुन्छ।

अवरोध तोड्नकै लागि पनि लैंगिक प्रतिनिधित्व र लैंगिकमैत्री वातावरणको अडानसहित महिला हरेक क्षेत्रमा संलग्न हुनैपर्छ। आपसमा संवाद र छलफल हुनैपर्छ । विगत एक दशकमा सम्पन्न लैंगिक र सामाजिक न्यायकेन्द्री अन्तर्क्रियात्मक संवाद कार्यक्रममा जुनसुकै समुदाय र समूहका महिलाका लागि संरचनात्मक विभेदले नै समस्या सिर्जना गरेको बारम्बार अभिव्यक्त भए। त्यस्तो संरचनात्मक विभेद राज्यस्तरदेखि महिला हकाधिकारका निम्ति लडिरहेकाहरूले आफ्नै संघसंस्था र सन्जालभित्र समेत भोग्नुपरेको गुनासो पनि उच्च छ । लैंगिक पैरवीकर्ताले बृहत् संरचनागत अवरोधका साथै आफ्नै संस्थागत र व्यावसायिक संरचना र अपनाइरहेको व्यवस्थाबारे पनि गम्भीर भएर सोच्नु जरुरी छ।

लैंगिकमैत्री व्यवस्था वा संरचना कायम गर्न एक दशकभित्र अपनाइएको रणनीति, कार्यक्रमको अनुगमन र मूल्यांकनले एउटा विषय राम्रोसँग देखाएको छ- लैंगिकता, समावेशीताजस्ता विषय सर्लक्कै पन्छाएर राज्य र मूलधार अघि बढ्ने अवस्था रहेन। गत ८ मार्चको अन्तर्राष्ट्रिय नारी दिवसमा राष्ट्रपतिको मन्तव्य थियो- 'सांस्कृतिक रूपमा रहेका समाजका कमीकमजोरीलाई उन्मूलन गर्न बहस जरुरी छ । संवैधानिक कानुनी व्यवस्था अथवा संरचनागत सुधारमा राज्यको ध्यान जान आवश्यक छ।'

राष्ट्रिय-अन्तर्राष्ट्रिय परिवर्तित माहोल आसपासमा प्रगतिशील र अग्रगामी नीति र व्यवस्था अवलम्बन गर्ने गरिन्छ। त्यस्तो माहोल स्थिर वा साम्य हुन थालेपछि पुरानै व्यवस्थातर्फ झुकाव बढ्ने-बढाउने चलन छ । त्यहीअनुरूप संवैधानिक कानुनी व्यवस्था वा संरचनागत सुधारमा लैंगिक न्याय कायम गर्ने अर्को तरिकाको विकास भएको छ। लैंगिक-जातजातीय विभेदको पक्षमा नरहे पनि लैंगिक-जातीय रूपमा तटस्थ समुदाय, व्यवस्था र संरचनाको पूर्वधारणा राखेर 'तटस्थता' वा 'मौनता' अपनाउने। लैंगिक विभेदको जन्जालयुक्त समाज र संरचनाभित्र बसेर बनाइएको पूर्वधारणाले अपनाइने त्यस्तो 'तटस्थता' वा 'मौनता' अपवादबाहेक लाभकारी हुँदैन।

लैंगिक सहभागिता सुनिश्चित गरिँदाको पछिल्लो उदाहरण, गाउँ तथा नगरपालिका अध्यक्ष वा उपाध्यक्ष पदपूर्तिमा बाध्यकारी नीति लागू गरियो। नतिजा, सबैजसो महिला उपाध्यक्ष पदमा छन्। नीतिगत रूपमा उपाध्यक्ष पद महिलाका लागि हो भन्ने परिभाषित थिएन । संरचनात्मक विभेदित सोच हाबी हुँदा 'उपाध्यक्ष पद महिलाका लागि हो' भन्ने अभिप्रायको अभ्यास स्वीकार्य भयो । तसर्थ, संरचनात्मक सीमितताका कारण मौन वा तटस्थ मत भएको व्यवस्थालाई वर्चस्वशाली वा बहुमतीय विचारअनुरूप बुझ्न र परिभाषित गरेर उपयोग गर्ने छूट बढ्दै हुन्छ। तटस्थताको पूर्वधारणाअनुरूप कहीँ-कतै महिला भनी किटान नगरिएको खण्डमा कार्यक्रम तर्जुमादेखि योजनाका उपलब्धि बाँडफाँटको प्रक्रियासम्ममा महिलालाई ध्यान दिइँदैन। अझ महिला आन्दोलनको जोड तीभित्रका पनि को र कस्ता महिला हुन् भन्नेसम्मको किटानी हुनुपर्छ भन्नेमा रहँदै आएको छ।

न्यायोचित समाज निर्माणका लागि नेपाली समाजको संरचनागत परिवर्तनको विकल्प छैन । विभिन्न क्षेत्रगत नीति तथा कार्यक्रमले विभेदकारी सामाजिक मूल्य-मान्यता, विभेदित, असन्तुलित र पुरातन लैंगिक-जातजातीय शक्ति-सम्बन्धमा परिवर्तन हुनुपर्छ । सकारात्मक लैंगिक-जातजातीय सम्बन्धको मान्यता अपनाउन, मानव अधिकार र सामाजिक न्यायको सिद्धान्त प्रवर्द्धन गर्दै लैंगिक न्याययुक्त संरचनागत रूपान्तरण चाहने हो भने त्यस्तो 'तटस्थ' र 'मौन' संस्कृति तोड्नु आवश्यक छ। ने

***यो चौथो लेखसँगै समाज अध्येता राईको महिला आन्दोलनसम्बन्धी पाक्षिक बहस पूरा भएको छ। तपाईं यो शृङ्खलामाथि आफ्ना जिज्ञासा, जवाफ वा टिप्पणी nepalmag@kmg.com.np मा women movement शीर्षक राखेर पठाउन सक्नुहुन्छ। विचारोत्तेजक सामग्रीले यथोचित स्थान पाउनेछन्। -सम्पादक***